## बैठक सख्याः ३(तिन)

मिति २०८१/०६/०५ को नगर कार्यपालिका बैठकका निर्णयहरुः-

**निर्णय नं.- १(एक)**

सिद्धार्थनगर नगरपालिकामा भित्र सञ्चालन भएका देहायका विद्यालयमा कक्षा ११ सञ्चालनको लागि अनुमति माग गरेका विद्यालयहरुलाई शैक्षिक सत्र २०८१ देखि कक्षा ११ सञ्चालनका लागि अनुमति दिने भनि नगर शिक्षा समितिको मिति २०८१/०५/१८ को बैठकवाट भएको सिफारिशका आधारमा उक्त विद्यालयहरुलाई कक्षा ११ सञ्चालनका लागि अनुमति दिन निर्णय गरियो ।

देहायः

१. मन्टेश्वरी मेमोरियल इङ्लिस बोडिङ्ग माध्यमिक विद्यालय, सिद्धार्थनगर नगरपालिका वडा नं. ९, रुपन्देही ।
२. सस्कृत विद्याश्रम माध्यमिक विद्यालय, सिद्धार्थनगर नगरपालिका वडा नं.- ३, शान्तिनगर रुपन्देही

**निर्णय नं- २ (दुई)**

सिद्धार्थनगर नगरपालिका नगर शिक्षा समितिको मिति २०८१/०५/१८ को निर्णय सिफारिशका आधारमा नगर भित्रका सामुदायिक र धार्मिक विद्यालयमा कार्यरत विद्यालय सहायक लेखापाल र वालविकास सहयोगी कार्यकर्ता शिक्षकलाइ शसर्त अनुदानको तर्फबाट खाइपाइ आएको मासिक तलव भत्तामा सिद्धार्थनगर नगरस्तरिय बजेट शिर्षक नं. ८०५४८४०४१०२, खर्च शिर्षक नं. २११११ को समानीकरण अनुदान अन्तर्गत विनियोजन भएको रु.५०,५०,०००.०० रकम मध्येबाट भुक्तानी हुने गरी २०८१/०४/०१ देखि लागु हुने गरी नीजहरुलाइ मासिक रु.७०००.०० का दरले थप रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. - ३(तिन)**

सिद्धार्थनगर नगरपालिकाको आ.व. २०७७/७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ठेक्का नं. Admin_Building_Siddhartha_Mun_NCB_MB_077_078, Administrative Building Construction of Siddharthanagar Municipality को प्रशासनिक भवनको निर्माण कार्य सम्पन्न गर्नको लागि देहाय बमोजिमको निर्णय गरियो ।

१. सिद्धार्थनगर नगरपालिकाको आ.व. २०७७/७८ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार ठेक्का नं. Admin_Building_Siddhartha_Mun_NCB_MB_077_078,Administrative Building Construction of Siddharthanagar Municipality को निर्माण कार्यको लागि निर्माण व्यवसायी श्री M/S Sky/Ramsagar J.V, Kathmandu र सिद्धार्थनगर नगरपालिकाको कार्यालय बिच मिति २०७८/०३/२४ मा सम्झौता भई निर्माण कार्य भईरहेको छ ।उल्लेखित ठेक्का सम्झौता भई निर्माण कार्य भईरहेकोमा उक्त साइटमा आइपरेको विशेष परिस्थिति अनुसार BOQ मा उल्लेख Quantity मा थप/घट गर्नुपर्ने तथा नगरपालिकाको दैनिक प्रशासनिक काम गर्नका लागि पुरानो भवन सानो भइ कर्मचारी वसी दैनिक कामकाज गर्न अत्यन्त अपठ्यारो भइ रहेको हुँदा नयाँ भवनमा कार्यालय सारी सेवा शुरु गर्नुपर्ने बाध्यात्मक अवस्था सृजना भएकोले सो भवनको निर्माण कार्य

सम्पन्न गर्नका लागि कतिपय नयाँ आइटम थपी कार्य सम्पन्न गर्नुपर्ने परिस्थिती देखिएको हुँदा प्रशासनीक भवनको निर्माण सम्पन्न गर्न भेरिएशन आदेश जारी गर्नुपर्ने भएको भनि भेरिएशन गर्न गठित समितिले मिति २०८१/०५/२० मा नगर कार्यपालिका समक्ष सिफारिश गरेको हुँदा सो निर्णयलाई अनुमोदन गरियो ।साथै भेरिएशन समितिको सिफारिशका आधारमा प्रशासनिक भवनको काममा तपसिल बमोजिमको भेरिएशन आदेश जारी गर्ने निर्णय गरियो ।

## तपसिल

**Variation Order No.: - 01**

**VARIATION SUMMARY SHEET**

| | |
|---|---|
| **Contract Identifaction Number:** | **Admin_Building_Siddhartha_Mun_NCB_MB_077_078** |
| **Name and Loacation of the Project:** | **Administrative Building Construction of Siddharthanagar Municipality** |
| **Name of Construction Company:** | **M/S Sky/Ramsagar J.V, Kathmandu** |

| SN | Description | Units | Variation No.-01 |
|---|---|---|---|
| 1 | Original cost estimate with 13% VAT & PS | NRs. | 262,300,465.27 |
| 2 | Original contract amount with 13% VAT & PS | NRs. | 183,749,537.50 |
| 3 | Revised cost estimate till variation order - 1 with VAT & PS | NRs. | 318,522,532.88 |
| 4 | Increased or decreased in estimate wrt original cost with VAT & PS | NRs. | 56,222,067.61 |
| 5 | Increased or decreased in percentage wrt original cost estimate | % | 21.43% |
| 6 | Revised contract amount after this estimate for variation amount with VAT & PS | NRs. | 224,163,572.23 |
| 7 | Increased or decreased in amount wrt original contract amount with VAT & PS | NRs. | 40,414,034.73 |
| 8 | Increased or decreased percenatge wrt original contract amount | % | 21.99% |
| 9 | Estimated change in contract duration after this VO wrt original contract period | Months | Yes |
| 10 | Whether the estimate for variation order involves fixing a new rate/rates | Yes/No | Yes |
| 11 | Budgetary provision for increases works (GoN/Foreign) | Yes/No | GoN/Yes |
| 12 | Decreased in Original Contract wrt original cost with VAT & PS | % | -29.9469% |
| 13 | Decreased in Revised Contract wrt Revised cost with VAT & PS | % | -29.6240% |

२. सिद्धार्थनगर नगरपालिकाको आ.व. २०७७/७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ठेक्का नं. Admin_Building_Siddhartha_Mun_NCB_MB_077_078,Administrative Building Construction of Siddharthanagar Municipality को प्रशासनीक भवनको निर्माण कार्यको भेरिएसन आदेश बमोजिमको कार्य सम्पन्न गर्नका लागि चालु आर्थिक बर्ष २०८१/८२ मा कार्यान्वयन हुन नसक्ने योजना तथा कार्यक्रम र पूर्वाधार तर्फको विनियोजन भएको बजेट बमोजिम ठेक्का लगाइ सोबाट बचत हुन आउने रकम समेतबाट भुक्तानी हुने गरी रु.४,०४,१४,०३४.७३ रकम आगामी नगरसभाबाट अनुमोदन हुने गरी बजेट सुनिश्चितता गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

३. प्रशासनीक भवनको ठेक्का नं. Admin_Building_Siddhartha_Mun_NCB_MB_077_078, Administrative Building Construction of Siddharthanagar Municipality को निर्माणको क्रममा आईटममा थपघट गरी भेरिएशन गर्नुपर्ने देखिएकोले ठेक्का समाप्त भएको मितिबाट सो भवन निर्माणको लागि २०८१ साल चैत्र मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ (चार)

सिद्धार्थनगर नगरपालिकाको मिति २०८०।११।२३ (६ मार्च २०२४) का दिन अंग्रेजी पत्रिका द राइजिङ्ग नेपाल मा Drainage, Road, Footpath and Street Improvement of Siddharthanagar Municipality (URLIP/SDN/CW/01) को लागि e-bidding मार्फत अन्तर्राष्ट्रिय बोलपत्र Invitation for Electronic Bids, २७ मार्च २०२४ मा Addendum No. 1, २९ अप्रिल २०२४ मा Addendum No. 2 र ७ मे २०२४ मा Amendment Notice आह्वानको सूचना जारी भए अनुसार मिति २०८१।०२।०४ (१७ मे २०२४) का दिन दिनको १२:०० बजेभित्र पेश हुन आएका बोलपत्रहरुको Document अध्ययन गर्दा उल्लेखित बोलपत्रदाताहरु मध्ये 1. Sharma & Co Pvt Ltd, 2. Kalika Construction Pvt. Ltd., 3. AIPL-NANC Joint Venture, 4. SPGEC-KUMAR JV, 5. VIJAI CONSTRUCTION INDIA PRIVATE LIMITED, 6. RAMAN CONSTRUCTION PVT LTD, 7. VEDANSHEE-RANKEN JV, 8. EKK Infrastructure Limited, 9. JIANGXI-BANIYA JV, 10. Ashish Nirman Sewa Pvt. Ltd. समेतका बोलपत्रहरु Responsive देखिएको हुँदा मूल्याङ्कन प्रकृया अगाडी बढाउने भनि वोलपत्र मुल्याङ्कन समितिको मिति २०८१/०५/१२ मा भएको निर्णयानुसार प्राविधिक प्रस्तावको मुल्याङ्कन स्वीकृत लागि आयोजना समन्वय इकाइ PCO मा मिति 29 August 2024 मा पठाइएकोमा PCO तथा ADB मार्फत मिति 16 September 2024 मा प्राविधिक प्रस्तावको मुल्याङ्कन स्वीकृत भइ यस कार्यालयमा पत्र तथा इमेल प्राप्त भएको हुँदा सो बमोजिमको प्राविधिक प्रस्ताव मूल्याङ्कन स्वीकृत गरी नियमानुसार आर्थिक प्रस्ताव खोल्न PIU लाइ निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.- ५ (पाँच)

सिद्धार्थनगर नगरपालिकाको फोहोरमैला समस्या दीर्घकालीन समाधान गर्नका लागि सार्वजनिक निजी साझेदारी अन्तर्गत प्रकृया अगाडी बढाउन सार्वजनिक निजी साझेदारी सम्वन्धि ऐन, २०७४ को दफा १० मा भएको व्यवस्था बमोजिमको सानिसा समिति गठन गर्ने निर्णय गरियो ।

निर्णय नं.- ६(छ)

राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको च.नं. ४७, मिति २०८१।०५।१४ को पत्रानुसार सिद्धार्थनगर नगरपालिकाबाट देहाय अनुसारको लाभग्राहीहरुले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्दै आउनु भएकोमा आ.ब. २०८०।०८१ को चौथो त्रैमासिकको देहायका लाभग्राहीले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न छुट भएको हुँदा छुट भएका लाभग्राहीको सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइदिनु हुन राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागमा अनुरोध गर्ने निर्णय गरियो ।

देहायः

| क्र.स. | लाभग्राहीहरुको नाम थर | परिचय पत्र नं. | सा.सु किसिम | अपुग रकम |
|---|---|---|---|---|
| १ | देव बहादुर गुरुङ्ग | २००११२३२६३१४३ | जेष्ठ नागरिक | १२०००.०० |
| २ | भागीरथी देवी | २०१२१२३११७६७६ | जेष्ठ नागरिक | १२०००.०० |
| ३ | विजय कुमार बाल्मिक | २०२१०२०२०२२५९ | जेष्ठ नागरिक दलित | २६६०.०० |
| ४ | किसलावति लोहार | २०१९०८२५०१२४६ | जेष्ठ नागरिक एकल महिला | ७९८०.०० |
| ५ | विजय लक्ष्मी पन्त | २०१३०२२९०१७१५ | जेष्ठ नागरिक | ४०००.०० |
| ६ | मनमाया रायमाझी | २०१५१००५०६६१३ | जेष्ठ नागरिक एकल महिला | ७९८०.०० |
| ७ | खैरुन निसा धुनिया | २०५७०४१३०५७७४ | विधवा | २६६०.०० |
| ८ | सपना रायमाझी | २०३३१११३००९१८ | विधवा | ७९८०.०० |
| ९ | श्रेयांश रसाईली | २०८००१०५०८०८३ | दलित बालबालिका | १५९६.०० |
| १० | सोमन धोबी | २०१९०४०५०४४६४ | जेष्ठ नागरिक दलित | ७९८०.०० |
| ११ | साबित्रा थारु | २०४४०९२१०२८५४ | विधवा | ७९८०.०० |
| | | | जम्मा रु. | ७४,८१६.०० |

निर्णय नं.- ७(सात)

विविधः

१. नेपाल नगरपालिका संघको च.नं. ३३-०८१/०८२ मिति २०८१/०५/२० को पत्रानुसार नेपालको संविधानले संघीय शासन प्रणाली अवलम्बन गरी संविधानको धारा ५६ ले राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहबाट हुने व्यवस्था गरेको र संघले नेपाल सरकार, प्रदेशले प्रदेश सरकार लेखि सोही अनुरुप अभ्यास गर्दै आएकोमा स्थानीय तहको अधिकार प्रयोग गर्दा नगरपालिकाको छाप, साइन बोर्ड, लेटरहेड र कार्यक्रमहरुमा राखिने व्यानर लगायतमा स्थानीय सरकार उल्लेख गर्ने भनि यस नगरपालिकामा पत्राचार भएको हुँदा सो सम्बन्धमा संघले नेपाल सरकार, प्रदेशले प्रदेश सरकार लेखि सोही बमोजिम अभ्यास गरिरहेको सन्दर्भमा अबदेखि सिद्धार्थनगर नगरपालिकाले छाप, साइनबोर्ड, लेटरहेड र कार्यक्रमहरुमा राखिने व्यानर लगायतमा स्थानीय सरकार उल्लेख गर्ने निर्णय गरियो ।

२. सिद्धार्थनगर नगरपालिका वडा नं.-१३ को आफ्नो वडा कार्यालय भवन नभएकोले वडाको सेवा प्रवाहमा कठिनाइ भएको हुँदा वडा कार्यालय भवन बनाउन उपयुक्त स्थानमा सार्वजनिक जग्गा खोजी गरी नगर कार्यपालिकामा सिफारिश गर्नका लागि देहाय बमोजिमको समिति बनाउने निर्णय गरियो ।

<u>देहाय:</u>

१ श्री दामोदर शर्मा घिमिरे, वडा अध्यक्ष वडा नं. -७ - संयोजक

२ श्री दिलीप कुमार यादव, वडा अध्यक्ष वडा नं. -११ - सदस्य

३ श्री सोम बहादुर गुरुङ्ग, वडा अध्यक्ष वडा नं. -१३ - सदस्य

४ श्री साकार श्रेष्ठ, पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन महाशाखा प्रमुख-सदस्य सचिव

३. सिद्धार्थ सञ्जाल रुपन्देहीले सिद्धार्थनगर नगरपालिका वडा नं.- १ बेलिहया स्थित ४५ औं विश्व पर्यटन दिवसका अवसरमा विश्व पर्यटन दिवस मनाउन लागिएको भनि यस नगरपालिकामा सिद्धार्थ होटल संघ नेपाल (सान) सिद्धार्थनगर रुपन्देहीको पत्र मार्फत आर्थिक सहयोगका लागि अनुरोध भइ आएको हुँदा पर्यटन दिवस कार्यक्रम गर्नका लागि रु.३,००,०००.०० (तिन लाख) सहयोग गर्ने र सोही कार्यक्रमका लागि सिद्धार्थ सञ्जाल रुपन्देहीको पत्र मार्फत आर्थिक सहयोगका लागि अनुरोध भइ आएको हुँदा पर्यटन दिवस कार्यक्रम गर्नका लागि रु. ५०,०००.०० (पचास हजार) रकम सहयोग गर्ने निर्णय गरियो ।